# देवदह नगरपालिका, नगर कार्यपालिकाको २०८१ श्रावण २८ गतेको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | देवदह नगरपालिका र अन्तराष्ट्रिय भिक्षुणी संघ बीच देवदह-७ मा रहेको ५१६५.५ वर्ग मिटर (करिब १५ कठ्ठा) क्षेत्रफल जग्गामा बौद्ध धर्मसँग सम्बन्धित अन्तराष्ट्रिय भिक्षुणी संघले ५०० जना अटाउने योग ध्यान गर्ने विहार सहित संरचना निर्माण र व्यवस्थापन गर्ने गरी मिति २०७६/२/३१ मा भएको सम्झौता आजैका मिति देखि खारेज गरी साविककै अवस्थामा ल्याउने। | |
| २ | देवदह-५ मा निर्माणाधिन नगर अस्पतालका सम्बन्धमा हालसम्मको प्रगति विवरण, वस्तुस्थिति र अब गर्ने बाँकी कामको बारेमा छलफल गरियो। | |
| ३ | देवदह नगरपालिकाको आपतकालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि, २०८१ उपर छलफल गरि आगामी कार्यपालिका बैठकमा पेश गर्ने। | |
| ४ | स्थानीय विपद व्यवस्थापन कोष संचालन, कार्यविधि, २०८१ उपर छलफल गरि आगामी कार्यपालिका बैठकमा पेश गर्ने। | |
| ५ | नगर शिक्षा समितिको निर्णयको सम्बन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने। | |
| ६ | देवदह ११ स्थित सहदवनिया हाट बजारका लागि कार्यपालिकाको मिति २०८१/३/१२ को शर्त बमोजिम न्यूनतम रकम रु. ५,००,०००/- हुने गरि पुन: ७ दिने सूचना प्रकाशन गर्ने। | |
| ७ | देवदह नगरपालिकाको बहुउद्देश्यीय कोशेली भवन संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० लाई संशोधन गर्न आवश्यक देखिएकोले विधेयक समितिमा पठाउने। | |
| ८ | यस कार्यालयमा सब-इन्जिनियर सुमन थापाको ममतामयी माता श्रीमती सरिता थापाको ६२ वर्षको उमेरमा भएको असमायमिक निधनको शोकको घडीमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त। | |
| ९ | यस कार्यालयमा कार्यालय सहयोगी सिता कंडेलको ममतामय माता श्रीमती बिमा कुमारी भट्टराईको ७३ वर्षको उमेरमा भएको असमायमिक निधनको शोकको घडीमा दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त। | |